आज मिति २०८२ साल चैत १० गते मंगलबारको दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८२/०८३ को १७ औं कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री सुशिल मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरि नन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य- उषा ।

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य- सुनित ।

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री महेश कुमार ठाकुर - सचिव -

**आमन्त्रित** :

श्री डिल्ली प्रसाद पोखरेल - प्रशासकीय अधिकृत -

श्री बिन्देश्वर यादव - लेखा अधिकृत -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अधिकृत -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।

२. आ.व.२०८३/०८४ को लागि संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयमा पठाउने योजना सम्बन्धमा ।

३. नमूना आवासको वडागत घर संख्या निर्धारण सम्बन्धमा ।

४. मरिया खोला तटबन्धनका लागि बजेट तथा योजना माग सम्बन्धमा ।

५. आर्थिक सहयोग सम्बन्धमा ।

६. योजना माग सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/११/२९ गते भएको १६ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालयको च.नं.११८९ मिति २०८२/१२/०५ गतेको पत्रानुसार माग गरिए बमोजिम आ.व.२०८३/०८४ को वार्षिक कार्यक्रमका लागि नेपाल सरकार शहरी विकास मन्त्रालयको आयोजना बैंकमा समावेश गर्नका लागि तोकिएको मापदण्ड अनुसार ३ करोड माथिका तपसिलका योजनाहरु छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो । साथै तपसिलका आयोजनाको जग्गा सुनिश्चित रहेको र जग्गाधनी पूर्जा तथा बाटोको हकमा बाटो निर्माण सम्बन्धी कुनै विवाद नरहेको प्रतिवद्धता समेत गरिन्छ ।

तपसिल :

| क्र.सं. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | सुनसरी जिल्ला, देवानगञ्ज गाउँपालिका वडा नं.२ मा बहुधार्मिक बहुसांस्कृतिक भवन निर्माण कार्य । | |
| २ | देवानगञ्ज गाउँपालिका वडा नं.०५ गणेश प्रा.वि. उत्तरदेखि अयुब घर, देवानगञ्ज-०६ हुँदै बिरनारायण चौधरीको घर, देवानगञ्ज-०७ सम्मको सडक खण्डमा कालोपत्रे सडक निर्माण कार्य । | |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिकाको आ.व.२०८२/०८३ को नमूना आवास कार्यक्रम अन्तर्गत तपसिलका वडामा तपसिलको संख्यामा नमूना आवास निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | वडाको नाम | नमुना आवास संख्या | कैफियत |
|---|---|---|---|
| १ | वडा नं.२ र ६ | ९ | वडा कार्यालयको सिफारिसको आधारमा । |
| २ | वडा नं.४ | ५ | वडा कार्यालयको सिफारिसको आधारमा । |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देवानगञ्ज गाउँपालिका वडा नं.१, २ र ३ हुँदै भारतीय सिमा सम्म बग्ने मरिया खोलाले प्रत्येक वर्ष उक्त वडाहरुको धेरै कृषि योग्य भूमि कटान गरी स्थानीय जनताको आर्थिक क्षति पुऱ्याएको र वर्षातको समयमा बाढीका कारणले विपद सृजना भई धन जनको समेत क्षति पुऱ्याउने गरेको हुँदा मरिया खोला नियन्त्रणको लागि दुवै किनारामा तटबन्ध गर्न नेपाल सरकार र कोशी प्रदेश सरकारका सम्बन्धित निकायहरुमा बजेट तथा योजना माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिलको निवेदकलाई तपसिल अनुसारको आर्थिक सहयोगका लागि आ.व.२०८२/०८३ को स्वीकृत बजेटको अन्य सामाजिक सुरक्षा खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | निवेदकको नाम | विरामीको नाम | नाता | ठेगाना | रकम रु. |
|---|---|---|---|---|---|
| १ | पुनम कमारी ठाकुर ( ना.प्र.नं.०६१०२९/१६ ५६९७) | जितेन्द्र ठाकुर ( ना.प्र.नं.९२४०४ /९३४०४) | पति/पत्नी | देवानगञ्ज -२, सुनसरी | एक लाख मात्र |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिलका योजनाहरु संचालनका लागि तपसिलका निकायहरुमा बजेट तथा योजना माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | योजना तथा बजेट माग गर्ने निकाय | कैफियत |
|---|---|---|---|
| १ | देवानगञ्ज गाउँपालिका-१, सुनसरीमा पर्ने कपुरी पालको घर देखि उत्तर कन्हाई पालको घर देखि पश्चिम रमेश शर्माको घर हुँदै साविक मध्यहर्षाही-६ पानी ट्यांकी हुँदै बोध नारायण मेहताको घर सम्म सडक कालो पत्रे कार्य । | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | |
| २ | देवानगञ्ज गाउँपालिका-१, सुनसरीमा पर्ने शारदा आ.वि. देखि पश्चिम राधाकृष्ण मन्दिर देखि उत्तर हुलाकी राजमार्ग सम्म सडक कालो पत्रे कार्य । | कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय | |